कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः २  मितिः २०७६/०१/१५

**भाग-२**

**कालिका गाउँपालिका**

## कालिका गाउँपालिकाका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी कार्यविधी, २०७६

**प्रस्तावनाः** नेपालको संविधानमा गाउँसभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा प्रदेश कानुन वमोजिम हुने व्यवस्था भएता पनि सो सम्बन्धमा प्रदेश कानुनमा विस्तृत रुपमा व्याख्या नहुँदा केहि सेवा सुविधाहरुको कार्यान्वयनमा समस्या पर्न गएकोले कालिका गाउँपालिकाको मिति २०७५/१०/२४ गते सम्पन्न तेस्रो गाउँसभाले प्रत्यायोजन गरेको अधिकार आवश्यक कार्यान्वयनार्थ कालिका गाउँपालिकाले यो कार्यविधी तयार गरी कार्यान्वयनमा ल्याउन वाञ्छनिय भएकोले यो कार्यविधी जारी गरिएको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधीको नाम “.कालिका गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी कार्यविधी, २०७६” रहेको छ।

(२) यो कार्यविधी आ.व. २०७५/०७६ देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “अध्यक्ष” भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिम कालिका गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(ख) “उपाध्यक्ष” भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिम कालिका गाउँ कार्यपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले कालिका गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले कालिका गाउँपालिका सम्झनु पर्छ ।

(ङ) "पदाधिकारी भन्नाले" भन्नाले अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(च) "वडा" भन्नाले कालिका गाउँपालिकाको वडा सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले संविधान सभाको धारा २१५ को उपधारा (२) बमोजिम कालिका गाउँ कार्यपालिकाको सदस्य सम्झनु पर्छ ।

(ज) "सभा" भन्नाले कालिका गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(झ) "सभाका सदस्य" भन्नाले संविधानको धारा २२२ बमोजिमको कालिका गाउँ सभाका सदस्य सम्झनुपर्छ ।

(ञ) "प्रदेश" भन्नाले ३ नं. प्रदेशलाई सम्झनुपर्छ ।

(ट) "वडा अध्यक्ष" भन्नाले कालिका गाउँपालिका भित्रका वडा अध्यक्षहरुलाई सम्झनुपर्दछ ।

**३. सुविधा :** पदाधिकारी र सदस्यले अनुसूची -१ बमोजिमको रकममा नबढ्ने गरी मासिक सुविधा पाउनेछन् ।

**४. वैठक भत्ता :** (१) पदाधिकारी, सदस्य र सभाका सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा स्थानिय तहको कुनै समिति वा उप-समितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूचि -१ बमोजिमको बैठक भत्ता वापतको रकम पाउनेछन् ।

(२) उपदफा (१) बमोजिम सभा र समिति वा उपसमितिको बैठक एकै दिन बसेकोमा सभाका सदस्यले कुनै एउटा बैठकको मात्र भत्ता पाउनेछ ।

५. **यातायात सुविधाः** (१) प्रमुख तथा अध्यक्षलाई सम्वन्धित स्थानिय तहले सवारी साधन उपलव्ध गराउन सक्नेछ ।

(२) पदाधिकारीलाई उपदफा (१) बमोजिमको सवारी साधन उपलव्ध नभएको अवस्थामा सम्वन्धित सभाले तोके बमोजिमको यातायात सुविधा उपलव्ध गराउनेछ ।

६. **पत्रपत्रिका तथा संचार सुविधाः** (१) स्थानिय तहले पदाधिकारी तथा सदस्यलाई **स्थानिय तहको आन्तरिक स्रोत समेतको आधारमा** न्यूनतम संख्यामा पत्रपत्रिका खरिद गरी उपलव्ध गराउनेछ ।

(२) पदाधिकारी तथा सदस्यलाई सञ्चार सुविधा वापत अनुसुचि-१ मा उल्लेख भए वमोजिमको रकममा नबढ्ने गरी **स्थानिय तहको आन्तरिक स्रोत समेतको आधारमा** सञ्चार सुविधा वापतको रकम दिइनेछ ।

**७. दैनिक भ्रमण भत्ता :** (१) पदाधिकारी, सदस्य तथा सभाका सदस्यले कार्यालयको कामको सिलसिलामा आफ्नो कार्यक्षेत्र बाहेक नेपाल भित्र भ्रमण गर्दा स्थानिय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची-१ बमोजिमको दरमा नबढ्ने गरी दैनिक भ्रमण भत्ता पाउनेछन ।

(२) पदाधिकारी, सदस्य तथा सभाका सदस्यले उपदफा (१) बमोजिम लाग्ने यातायात खर्च वापत विल बमोजिम रकम पाउनेछन् ।

(३) पदाधिकारी तथा सदस्यहरुको भ्रमण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

८. **निवृत्तिभरण हकमा उपलब्ध हुने सुविधा :** नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय निकाय सरकारको सेवाबाट अवकाश लिई त्यस्तो सरकार वा तहबाट निवृत्तिभरण पाईरहेको कुनै व्यक्ति पदाधिकारी, सदस्य वा सभा सदस्य निर्वाचित भएमा त्यस्तो व्यक्तिले दफा ३ बमोजिमको मासिक सुविधा वा निवृत्तिभरण मध्ये कनै एक मात्र पाउनेछ । तर सो बाहेकका सुविधा अन्य पदाधिकारी तथा सदस्यले सरह पाउनेछ ।

९. **दृष्टिविहिन वा अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधा :** (१) कुनै पदाधिकारी, सदस्य वा सभाका सदस्य दृष्टिविहिन वा शारिरीक रुपले अशक्त भई हिँडडुल गर्न निजलाई सहयोगीको सेवा आवश्यक भएमा गाउँ कार्यपालिकाले त्यस्तो पदाधिकारी, सदस्य वा सभाका सदस्यको साथमा रहने निजले रोजेको एकजना सहयोगी उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सहयोगीलाई पदाधिकारी वा सदस्य वा सभाका सदस्यलाई उपलब्ध गराए सरहको दैनिक भत्ता र यातायात खर्च दिईनेछ ।

१०.**पोशाक भत्ता :** (१) कुनै पदाधिकारी, सदस्य वा सभाका सदस्य लाई गाउँसभाको निर्णय अनुसार पोशाक भत्ता उपलब्ध गराईनेछ ।

११.**भत्ता तथा सुविधा वापतको रकम भुक्तानी :** (१) पदाधिकारी, सदस्य र सभाका सदस्यले यस कार्यविधी बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा वापतको रकम बेकखाता मार्फत भुक्तानी गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएतापनि कुनै पदाधिकारी, सदस्य र सभाका सदस्यको बैंकमा खाता खोल्न नसक्ने अवस्था भएमा निजले पाउने भत्ता वा अन्य सुविधा वापतको त्यस्तो रकम सम्वन्धित गाउँ कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराउन सकिनेछ ।

१२. **भत्ता नपाउने :** यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य वा सभाका सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको लागि निजले यस कार्यविधी बमोजिम पाउने कुनै किसिमको सुविधा वा भत्ता पाउने छैन । तर त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा निजले नियम ३ बमोजिमको सुविधा पाउन बाधा पर्ने छैन ।

१३. **सुविधा कम हुने गरी निर्णय गर्न सक्ने :** यस कार्यविधीले पदाधिकारी तथा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा आफ्नो अन्तरिक श्रोत तथा क्षमताका आधारमा कम हुने गरी सम्बन्धित सभाले निर्णय गर्न सक्नेछ ।

१४. **अन्य सुविधा लिन नहुने :** स्थानिय तहका पदाधिकारी तथा सदस्यले यस कार्यविधीले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन पाउने छैनन् ।

१५. **अनुसुचीमा हेरफेर गर्न सक्ने :** गाउँपालिकाले राजपत्रमा सुचना प्रकाशन गरी पदाधिकारी, सदस्य वा सभा सदस्यको यस कार्यविधी बमोजिम उपलब्ध भईरहेको सुविधामा मर्का नपर्ने किसिमबाट अनुसुचीमा हेरफेर गर्न सक्नेछ ।

१६. **सार्वजनिक गर्नु पर्ने :** स्थानिय तहका पदाधिकारी तथा सदस्यले यस कार्यविधी बमोजिम प्राप्त गरेका सुविधाहरु सार्वजनिक गर्नुपर्नेछ ।

**१७. <u>खर्च व्यहोरिने स्रोत</u> :** यस कार्यविधी बमोजिम उपलब्ध गराईने सेवा सुविधा तथा भत्ता नेपाल सरकार र संघिय सरकारबाट प्राप्त भएकोमा सोही स्रोत तथा शिर्षकबाट, दैनिक भ्रमण भत्ता कटेन्जेन्सी रकमबाट र अन्यको हकमा गाउँपालिकाको आन्तरीक स्रोतबाट खर्च व्यहोरिनेछ ।

**१८. <u>बचाऊ</u> :** यो कार्यविधी प्रारम्भ हुनुभन्दा अगाडि सभाको निर्णय बमोजिम पदाधिकारी तथा सदस्यले पाएको सुविधा यस कार्यविधीमा व्यवस्था भएको हदसम्म यसै बमोजिम भएको मानिनेछ ।

अनुसूची - १

(दफा ३, ४, ६ र ७ सँग सम्वन्धित)

<u>पदाधिकारी, सदस्य र सभाका सदस्यले पाउने सुविधा</u>

**(क) गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा गाउँ सभाका सदस्यको सुविधा**

| क.स. | सुविधाको किसिम | ईकाइ दर | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | प्रति महिना रु. | प्रदेश नं. ३ द्धारा निर्धारण गरे बमोजिम हुने | | | | |
| २ | बैठक भत्ता (जुन सुकै वैठकको) | प्रति बैठक रु. | १००० | | | | |
| ३ | दैनिक भ्रमण भत्ता | प्रतिदिन रु. | १८०० | १६०० | १५०० | १५०० | १५०० |
| ४ | संचार तथा पत्रपत्रिका खर्च | मासिक | २००० | २००० | १५०० | १००० | ५०० |

**प्रमाणीकरण मिति : २०७६/०१/१२**

**<u>आज्ञाले,</u>**
शर्मिला न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत